११३- ४२५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५२५/२०७२/०७३
निर्णय नं. ५२५

फ्रिडम फोरम, थापाथली,काठमाडौका तारानाथ दाहाल समेत .....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), मुसीकोट नगरपालिका कार्यालय,रुकुम...................... .....१ विपक्षी

सूचना अधिकारी, मुसीकोट नगरपालिका कार्यालय, ,रुकुम ................................ ...........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौका तारानाथ दाहाल समेतल मुसीकोट नगरपालिकाको कार्यालय ,रुकुम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम मुसीकोट नगरपालिका कार्यालय, ,रुकुममा मिति २०७२।०७।२९ च.नं. ४०५ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सर्न्दभमा उक्त नगरपालिकाको मिति २०७२।०९।१३, च.नं. १२९९, प.सं. २०७२/०७३ को पत्र-मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ मार्फत जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
|---|---|---|
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।